# नेपाल सरकार
# अर्थ मन्त्रालय
# प्रेस विज्ञप्ती

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम अन्तर-सरकारी वित्त परिषद्को तेश्रो बैठक परिषद्का संयोजक माननीय अर्थमन्त्री डा. श्री युवराज खतिवडाज्यूको अध्यक्षतामा परिषद्का सदस्यहरु एवं अन्य आमन्त्रित व्यक्तिहरुको उपिस्थितिमा आज अर्थ मन्त्रालयमा सम्पन्न भयो ।

बैठकमा माननीय अर्थमन्त्री डा. श्री युवराज खतिवडाज्यूले वित्तीय संघीयता कार्यान्वयनका क्रममा संघ, प्रदेश र स्थानीय तहले चालू आ.व. को बजेट तथा आयोजनाहरुको कार्यान्वयन, राजस्व परिचालन गर्ने विषयमा भएका प्रयासहरु, राजस्व र खर्चको लेखाविधि र त्यसको प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने विषय, प्रदेश र स्थानीय तहमा आगामी आर्थिक वर्षको लागि हस्तान्तरण हुने आयोजना तथा कार्यक्रमको वर्गीकरण र मापदण्ड बनाउने तथा अन्तर-सरकार बीच समन्वयका लागि बैठक आयोजना गरिएको स्पष्ट पार्नु भएको थियो । उहाँले कानुनी द्विविधाको निराकरण, क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन र राजस्व परिचालनमा देखिएका द्विविधाहरु अन्त्य गर्दै जाने र बैठकमा उठेका विविध विषयहरुलाई लिपवद्ध गरी कार्यान्वयन सहजीकरण गर्न सम्बन्धित निकायमा पठाउने तथा त्यस्ता निकायसँग छलफल गरी समस्या समाधान गर्न आवश्यक पहल गर्ने विश्वास दिलाउनु भयो ।

बैठकमा प्रदेश नं ५ का मुख्यमन्त्री एवं अन्य ६ वटै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरु लगायत परिषद्का सवै सदस्यहरु एवं विज्ञहरुले वित्तीय संघीयता कार्यान्वयनका सम्बन्धमा देखा परेका समस्या र समाधानका उपायका सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भएको थियो । चालू आर्थिक वर्ष २०७५/७६ मा हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा अनुभूत भएका प्रक्रियागत समस्याहरु छिट्टै संवोधन हुनुपर्ने, विभिन्न कानुनहरु कार्यान्वयनमा देखिएका अन्तर विरोधहरुलाई संशोधन गर्नुपर्ने, प्रदेश र स्थानीय तहले भोग्नु परेको जनशक्ति व्यवस्थापन, आयोजना हस्तान्तरण, समपूरक र विशेष अनुदान बापतको कार्यक्रम कार्यान्वयन लगायतका विषयमा देखा परेका समस्याहरुमा परिषद्का सदस्यहरुले आ-आफ्ना धारणा प्रस्तुत गर्नु भएको थियो ।

उक्त बैठकमा अर्थ मन्त्रालयका सचिव राजन खनालले स्वागत गर्दै कार्यक्रमको सुरुवात गर्नु भएको थियो । यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापनका हालसम्म भएका प्रगति र आगामी कार्यदिशाको वारेमा अर्थ मन्त्रालयका सह-सचिव श्री थानेश्वर गौतम, संगठन संरचना तथा जनशक्ति

व्यवस्थापनका विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निमित्त सचिव श्री सुरेश अधिकारी तथा वित्त हस्तान्तरणका विषयमा राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोगका सचिव श्री बैकुण्ठ अर्यालबाट प्रस्तुतीकरण भएको थियो । बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका राजस्व सचिव, महालेखा नियन्त्रक लगायत नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालयका सचिव तथा उच्च पदस्थ कर्मचारीहरु उपस्थित भइ आ-आफ्ना धारणाहरु प्रस्तुत गर्नु भएको थियो ।

(उत्तर कुमार खत्री)
सह-सचिव/प्रवक्ता

काठमाडौं, २०७५ चैत्र २८ विहीवार ।